महाशिला गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ३ संख्याः २ मितिः २०७७/०४/०४

**भाग-१**

**महाशिला गाउँपालिका**

# महाशिला गाउँपालिकाको विनियोजन ऐन, २०७७

**प्रस्तावना :**

महाशिला गाउँपालिकाको आर्थिक बर्ष २०७७।०७८ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम विनियोजन गरि खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम महाशिला गाउँ सभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम “महाशिला गाउँपालिकाको विनियोजन ऐन, २०७७” रहेको छ ।

(२) यो ऐन सम्वत २०७७ साल श्रावण १ गते देखी प्रारम्भ हुनेछ ।

**२. आर्थिक वर्ष २०७७।७८ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः**

(१) आर्थिक वर्ष २०७७।०७८ को निमित्त महाशिला गाउँपालिकाको सञ्चित कोषबाट विनियोजन हुने रकम गाउँकार्यपालिकाको कार्यालयबाट हुने अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु ३४,४०१८२२३ (चौतिस करोड चालिस लाख अठार हजार दुई सय तेइस मात्र) नबढाई निर्दिष्ट गरिए बमोजिम स्थानीय सञ्चित कोषबाट विनियोजन गरि खर्च गर्न सकिनेछ ।

**३. विनियोजनः**

(१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७७।०७८ को निमित्त महाशिला गाउँपालिकाको गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालय तथा विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि गाउँकार्यपालिकाको कार्यालय, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँकार्यपालिकाले बचत हुने शिर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शिर्षकबाट सो शिर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शिर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्य चालू खर्च शिर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शिर्षकबाट सो शिर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

**४ लेखाङ्कन, प्रतिवेदन तथा लेखापरीक्षण :**

(१) यस ऐन बमोजिम विनियोजन भई खर्च रकमको प्रचलित आर्थिक ऐन, नियमावली बमोजिम लेखा राखी आन्तरिक तथा अन्तिम लेखापरीक्षण गराउनु पर्नेछ ।

**(५) कार्यविधि तथा मापदण्ड बनाउन सक्ने :**

(१) यस ऐनको कार्यन्वयन गर्न स्थानीय तहले आवश्यक कार्यविधि तथा मापदण्ड बनाउन सक्नेछ ।

## अनुसूची १

## दफा २ सम्वन्धित

नेपालको संविधान धारा २२९ (२) बमोजिम संञ्चितकोषबाट विनियोजन हुने रकम रु.

| शीर्षक | आ.व.२०७७/७८ को अनुमान |
|---|---|
| **चालु खर्च** | २८४३५३५७ |
| २११११ पारिश्रमिक कर्मचारी | ८५०७९५२ |
| २१११२ पारिश्रमिक पदाधिकारी | ५०००००० |
| २११२१ पोशाक | ४५०००० |
| २११३१ स्थानीय भत्ता | २२५००० |
| २११३२ महंगी भत्ता | ४५६००० |
| २११३४ कर्मचारीको बैठक भत्ता | १००००० |
| २११३९ अन्य भत्ता | २००००० |
| २२१११ पानी तथा बिजुली | २००००० |
| २२११२ संचार महसुल | ४९५००० |
| २२२११ इन्धन (पदाधिकारी) | ४००००० |
| २२२१२ इन्धन (कार्यालय प्रयोजन) | २५०००० |
| २२२१३ सवारी साधन मर्मत खर्च | ३००००० |
| २२२१४ बिमा तथा नवीकरण खर्च | १००००० |
| २२२२१ मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | २५०००० |
| २२३११ मसलन्द तथा कार्यालय सामाग्री | १५५०००० |
| २२३१४ इन्धन - अन्य प्रयोजन | १००००० |
| २२३१९ अन्य कार्यालय संचालन खर्च | १०१४०५ |
| २२४१३ करार सेवा शुल्क | ६३००००० |
| २२५२९ विविध कार्यक्रम खर्च | २५०००० |
| २२६११ अनुगमन, मूल्यांकन खर्च | १५०००००‌ |
| २२६१२ भ्रमण खर्च | ४००००० |
| २२७११ विविध खर्च | १०००००० |
| २८१४२ घरभाडा | १५०००० |

| | | |
|---|---|---|
| २८१४३ सवारी साधन तथा मेशिनर औजार भाडा | | १५०००० |
| **संकेत नं.** | **पुाजीगत, कार्यक्रमगत, क्षेत्रगत विकास खर्च** | **बजेट** |
| **१००** | **आर्थिक विकास** | **३३७२३८६०** |
| १०१ | कृषि | १२२७५००० |
| १०२ | उद्योग तथा वाणिज्य | १३८३८५२ |
| १०३ | पर्यटन | ६२८५००८ |
| १०४ | महाशिला विकास स्वयंसेवक | ११८००००० |
| १०५ | सहकारी | ९८०००० |
| १०६ | वित्तिय क्षेत्र | १०००००० |
| **२००** | **सामाजिक विकास तर्फ** | **१५३८१५२८** |
| २०१ | शिक्षा | ७०२५४९६ |
| २०२ | स्वाथ्य | २९५०००० |
| २०३ | खानेपानी तथा सरसफाई | ३८०००० |
| २०४ | सस्कृती प्रर्वधन | ६५०००० |
| २०५ | खेलकुद तथा मनोरञ्जन | १२०५००० |
| २०६ | लैगिक समानता सामाजिक समावेशि करण | १६१६०३२ |
| २०७ | सामाजिक विकृती जाड रक्सि नियन्त्रण | ३००००० |
| २०८ | अन्य सामाजिक पुर्वाधार | १२५५००० |
| **३००** | **पूर्वाधार तर्फ** | **६०३८९१३३** |
| ३०१ | स्थानिय सडक पुल तथा झोलुङ्गे पुल | ५६९७४१३३ |
| ३०२ | खानेपानी | ५०००० |
| ३०३ | भवन तथा सहरी विकास | २५४०००० |
| ३०४ | उर्जा साना तथा लद्यु जलविद्युत्त | २००००० |
| ३०५ | सञ्चार | ३५०००० |
| ३०६ | अन्य पुर्वाधार | २७५००० |
| ४०० | वातावरण तथा विपद व्यवस्थापन | ३०८७२३० |
| ५०० | सस्थागत विकास सुशासन तथा सेवा प्रवाह | १५८१११५ |
| | अन्तर सरकारी वित्तहस्तान्तरणको जम्मा | ११४१६२८६६ |
| | शशर्त तर्फका तोकिएका कार्यक्रमहरू | १५५८२०००० |
| | लुंखु देउराली मिलनचोक भोक्सिङ सुवेद्रीखर्क होश्राङदी सडक (समपुरक संघिय सरकार) | १३६००००० |
| | विशेष अनुदान संघिय सरकार स्वाथ्य चौकि भवन वालकोट, पाखापानी | १२०००००० |

| | | |
|---|---|---|
| | मिलनचोक वालाकोट होश्राङ्गदी वडाकार्यालय सडक (शशर्त अनुदान प्रदेश सरकार) | ५०००००० |
| | स्वाथ्य चौकि भोक्सिन (विशेष अनुदान प्रदेश सरकार) | ५०००००० |
| | पर्यट्न वोर्डवाट तोकिएको योजना | १००००००० |
| | **कुल जम्मा** | **३१५५८२८६६** |

आज्ञाले,
बुद्धिराम उपाध्याय,
प्रमुख प्रशासकिय अधिकृत
महाशिला गाँउपालिका, बालाकोट पर्वत